# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असार ३ गते, २०७७ साल (अतिरिक्ताङ्क ३

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको ऐन नं. २

<u>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६</u>

<u>**प्रस्तावनाः**</u> नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अध्यक्ष**" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "**उपप्रमुख**" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "**उपाध्यक्ष**" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(घ) "**कार्यपालिका सदस्य**" भन्नाले संविधानको धारा २१५ को उपधारा (४) तथा धारा २१६ को उपधारा (४) बमोजिमको कार्यपालिकाको सदस्य सम्झनुपर्छ ।

(ङ) "**प्रमुख**" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(च) "**पदाधिकारी**" भन्नाले प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षलाई सम्झनुपर्छ र सो शब्दले समितिको प्रमुख वा उपप्रमुख समेतलाई जनाउँछ ।

(छ) "**वडा अध्यक्ष**" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) तथा धारा २१६ को उपधारा (२) बमोजिमको वडा अध्यक्ष सम्झनुपर्छ ।

(ज) "**सदस्य**" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२) तथा धारा २२३ को उपधारा (२) बमोजिमको सदस्य सम्झनु पर्छ र सो शब्दले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत जनाउँछ ।

(झ) "**समिति**" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनुपर्छ ।

(ञ) "**सभा**" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा, नगरपालिकाको हकमा नगर सभा सम्झनुपर्छ ।

(ट) "**स्थानीय तह**" भन्नाले गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति सम्झनुपर्छ ।

३. **सुविधाः** (१) पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारवाही शुरु गरेको मितिदेखि अनुसूची बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा यस ऐनमा उल्लेख भएको सुविधा पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" र अनुसूची बमोजिम मासिक सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि मात्र यस ऐन बमोजिमको सुविधा पाउनेछ ।

४. **यातायात सुविधाः** (१) पदाधिकारीलाई सम्बन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची बमोजिम यातायात खर्च पाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा पदाधिकारीले यस दफा बमोजिमको यातायात सुविधा पाउने छैनन् तर त्यस्तो सवारी साधनलाई अनुसूची बमोजिमको इन्धन र मोबिल उपलब्ध गराईनेछ ।

(४) सदस्यले अनुसूची बमोजिमको रकम यातायात सुविधा बापत पाउनेछ ।

तर, कुनै सदस्यले यातायात सुविधा बापत कुनै सवारी साधन पाएको भए यातायात सुविधा बापतको रकम पाउने छैनन्।

५. **सञ्चार सुविधाः** (१) पदाधिकारी तथा सदस्यले सञ्चार सुविधा बापत अनुसूची बमोजिमको रकम टेलिफोन शुल्क र मोबाइल फोन रिचार्ज खर्च बापत पाउनेछ ।

(२) पदाधिकारी तथा सदस्यले सञ्चार सुविधा बापत अनुसूची बमोजिमको रकम पत्रपत्रिका र इन्टरनेट सेवा शुल्कका लागि पाउनेछ ।

६. **अतिथि सत्कार सुविधाः** पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम अतिथि सत्कार सुविधा बापत पाउनेछ ।

७. **अन्य सुविधाः** (१) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम जनसम्पर्क/विशेष कार्यसुविधा बापत पाउनेछ।

(२) पदाधिकारीले अनुसूची बमोजिमको रकम खानेपानी तथा सरसफाई सुविधाका लागि पाउनेछ ।

(३) पदाधिकारीले मर्मत संभार र विद्युत/उर्जा खर्च बापत अनुसूची बमोजिमको रकम पाउनेछ ।

(४) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिम चाडपर्व खर्च सुविधा बापतको रकम पाउनेछ ।

८. **बैठक भत्ताः** (१) सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायिक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछ ।

तर एकै दिनमा एकभन्दा बढी बैठक बसेकोमा एउटा बैठक बापत मात्र बैठक भत्ता पाउनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि न्यायिक समिति भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनुपर्छ।

९. **दैनिक तथा भ्रमण भत्ताः** (१) पदाधिकारी तथा सदस्यले कार्यालयको कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र र सम्बन्धित जिल्ला बाहेक नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको दरमा नबढ्ने गरी दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

(२) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा लाग्ने यातायात खर्च बापत टिकट वा सो बराबरको बिल बमोजिमको रकम पाउनेछ ।

(३) पदाधिकारी तथा सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची बमोजिमको रकम बराबर दुर्घटना बिमा गर्दा लाग्ने बिमा शुल्क (प्रिमियम) बापत बिल बमोजिमको रकम पाउनेछ।

(४) पदाधिकारी तथा सदस्यहरुको भ्रमण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **<u>अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः</u>** (१) कुनै पदाधिकारी तथा सदस्यलाई अपाङ्गताका कारण बैठकमा उपस्थित हुन सहयोगीको सेवा आवश्यक पर्ने भएमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी वा सदस्यको साथमा रहने निजले रोजेको एक जना सहयोगीको सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई यस ऐन बमोजिम सदस्यले पाउने सरहको बैठक भत्ता दिईनेछ ।

११. **<u>भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः</u>** (१) पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम पाउने भत्ता तथा सुविधा बापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पदाधिकारी वा सदस्यले उक्त स्थानीय तहमा बैंक नभएको अवस्था भएमा निजले पाउने भत्ता वा सुविधा बापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

१२. **भत्ता नपाउनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउनेछ।

१३. **सुविधा घटाउन सक्नेः** यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो श्रोत तथा क्षमताका आधारमा सम्बन्धित स्थानीय तहले निर्णय गरी सुविधा घटाउन सक्नेछ।

१४. **पारिश्रमिक र अन्य सुविधा नपाउनेः** (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यले पारिश्रमिक बापत कुनै रकम पाउने छैन।

(२) स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा पाउने छैन ।

१५. **सार्वजनिक गर्नु पर्नेः** पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नु पर्नेछ ।

१६. **खारेजी र बचाऊः** (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको ऐन खारेज हुनु अघि सो ऐन बमोजिम भएको काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसूची

(दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित)

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

### (क) गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १) | सवारी इन्धन | प्रति महिना लिटर | १२० लि. | १२० लि. | - | - | - |
| २) | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - | - | - |
| ३) | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १०,००० | ६,००० | ३,००० |
| ४) | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ४,००० | ४,००० | ३,००० | ३,००० | २,००० |
| ५) | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ३,५०० | ३,००० | ३,००० | ३,००० | २,५०० |
| ६) | अतिथि सत्कार | प्रति महिना रु. | ६,००० | ५,००० | ४,००० | - | - |
| ७) | जनसम्पर्क/ विशेष कार्यसुविधा | प्रति महिना रु. | १०,००० | ८,००० | ६,००० | ५,००० | ३,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८) | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ५,००० | ५,००० | २,००० | - | - |
| ९) | मर्मत संभार र विद्युत/उर्जा खर्च | प्रति महिना रु. | ५,००० | ५,००० | २,००० | - | - |
| १०) | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १२,००० | १०,००० | ७,००० |
| ११) | बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| १२) | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |
| १३) | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १०० | १०० | १०० | १०० | १०० |
| १४) | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

## (ख) नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

### (अ) नगरपालिका

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १) | सवारी इन्धन | प्रति महिना लिटर | १२० लि. | १२० लि. | - | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २) | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - | - | - |
| ३) | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १२,००० | ७,००० | ३,५०० |
| ४) | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५,००० | ५,००० | ४,००० | ३,००० | २,००० |
| ५) | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ४,००० | ४,००० | ३,००० | ३,००० | २,५०० |
| ६) | अतिथि सत्कार | प्रति महिना रु. | ७,००० | ६,००० | ६,००० | - | - |
| ७) | जनसम्पर्क/विशेष कार्यसुविधा | प्रति महिना रु. | १३,००० | ८,००० | ७,००० | ५,००० | ३,००० |
| ८) | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ५,००० | ५,००० | ५,००० | - | - |
| ९) | मर्मत संभार र विद्युत/उर्जा खर्च | प्रति महिना रु. | ५,००० | ५,००० | ५,००० | - | - |
| १०) | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १२,००० | १०,००० | ८,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११) | बैठक भत्ता | प्रति दिन रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| १२) | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० | १,६०० | १,६०० |
| १३) | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १०० | १०० | १०० | १०० | १०० |
| १४) | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

**(आ) <u>महानगरपालिका/उपमहानगरपालिका</u>**

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १) | सवारी इन्धन | प्रति महिना लिटर. | १२० लि. | १२० लि. | - | - | - |
| २) | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - | - | - |
| ३) | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १२,००० | ८,००० | ४,००० |
| ४) | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५,००० | ५,००० | ४,००० | ३,५०० | २,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५) | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५,००० | ५,००० | ४,००० | ३,५०० | ३,००० |
| ६) | अतिथि सत्कार | प्रति महिना रु. | ९,००० | ८,००० | ७,००० | - | - |
| ७) | जनसम्पर्क/ विशेष कार्यसुविधा | प्रति महिना रु. | १५,००० | १२,००० | ७,००० | ५००० | ४००० |
| ८) | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ६,००० | ५,००० | ५,००० | - | - |
| ९) | मर्मत संभार र विद्युत /उर्जा खर्च | प्रति महिना रु. | ६,००० | ५,००० | ५,००० | - | - |
| १०) | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १३,००० | १०,००० | ८,००० |
| ११) | बैठक भत्ता | प्रति दिन रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| १२) | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० | १,६०० | १,६०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३) | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १२५ | १२५ | १२५ | १२५ | १२५ |
| १४) | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

**(ग) जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यले पाउने सुविधा**

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | जिल्ला समन्वय समितिको सदस्य |
|---|---|---|---|---|---|
| १) | सवारी इन्धन | प्रति महिना लिटर. | १२० लि. | १२० लि. | - |
| २) | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - |
| ३) | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १०,००० |
| ४) | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५००० | ५००० | ३,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५) | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५००० | ५००० | ३,००० |
| ६) | अतिथि सत्कार | प्रति महिना रु. | ७,००० | ७,००० | - |
| ७) | जनसम्पर्क/विशेष कार्यसुविधा | प्रति महिना रु. | १५,००० | १२,००० | ५००० |
| ८) | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ७,००० | ६,००० | - |
| ९) | मर्मत संभार र विद्युत /उर्जा खर्च | प्रति महिना रु. | ७,००० | ६,००० | - |
| १०) | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १०,००० |
| ११) | बैठकभत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० |
| १२) | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० |
| १३) | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १२५ | १२५ | १२५ |
| १४) | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० |

द्रष्टव्यः

१. कार्यपालिका सदस्य कुनै विषयगत समितिको संयोजक भएमा वडा अध्यक्ष सरह सुविधा पाउनेछ ।

२. पदाधिकारी सदस्य तथा सभाका सदस्यहरुले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित विदेश भ्रमण गर्दाको दैनिक भत्ता दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

प्रमाणीकरण मितिः २०७७/०२/२९

**आज्ञाले,**
**राजेन्द्र थापा**
**प्रदेश कानून सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय